10 March, 2026

National News

मुख्य समाचार-

1. प्रधानमन्त्री नरेन्द्र मोदी भोलि तमिलनाडु जानुहुँदै

2. मन्त्रिपरिषद्ले जल जीवन मिसनको अवधि डिसेम्बर २०२८ सम्म विस्तार गर्न दिए मञ्जुरी

3.उद्योग मन्त्री पियुष गोयलले गर्नुभयो आज नयाँ दिल्लीमा आहार अन्तर्राष्ट्रिय खाद्य तथा आतिथ्य मेला उद्घाटन

4. काङ्ग्रेस नेता राहुल गान्धीले भारतको विश्वव्यापी छवि बिगारेको भाजपा प्रवक्ता सम्बित पात्राको आरोप

5. NCERT- ले लियो फिर्ता कक्षा ८ (भाग II)-को सामाजिक विज्ञान पाठ्यपुस्तक

1. प्रधानमन्त्री - तिरुचिरापल्ली भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि तमिलनाडुको तिरुचिरापल्ली जानेहुनेछ। यस अवसरमा उहाँले लगभग ₹५,६५० करोड मूल्यको विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। यसका साथै उहाँले तमिलनाडुमा आयोजित एनडीएको र्‍यालीलाई पनि सम्बोधन गर्नुहुनेछ।

2. नेपालका प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने र आरएसपीका वरिष्ठ नेता बालेन्द्र शाहलाई नेपालको चुनावमा विजय हासिल गरेकोमा बधाई दिनुभयो।

टेलिफोन वार्तामा श्री मोदीले श्री शाहलाई शुभकामना व्यक्त गर्दै दुवै देशको पारस्परिक समृद्धि, प्रगति र कल्याणका लागि मिलेर काम गर्ने प्रतिबद्धता दोहोराउनु भयो। उहाँले संयुक्त प्रयासबाट आगामी वर्षहरूमा भारत र नेपालबीचको सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास पनि व्यक्त गर्नुभयो।

3. जल जीवन मिसन-वैष्णव

मन्त्रिपरिषद्ले जल जीवन मिसनको अवधि डिसेम्बर २०२८ सम्म विस्तार गर्न स्वीकृति दिएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा पत्रकारहरूलाई उक्त जानकारी दिनुभयो।

उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले जल शक्ति मन्त्रालयले यो प्रस्तावलाई अनुमोदन गरेको बताउनुभयो।

मन्त्रिपरिषद्ले समान राष्ट्रिय डिजिटल पूर्वाधार, "सुजलाम भारत" स्थापनालाई पनि अनुमोदन गरेको छ।

4.गोयल आहार मेला

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज नयाँ दिल्लीमा आहार अन्तर्राष्ट्रिय खाद्य तथा आतिथ्य मेलाको ४० औँ संस्करणको उद्घाटन गर्नुभयो। खाद्य प्रशोधन उद्योग मन्त्रालय र भारतीय व्यापार प्रवर्द्धन संगठनले संयुक्त रूपमा १० मार्च देखि १४ मार्चसम्म यस मेला आयोजना गरेको छ।

केन्द्रीय मन्त्रीले यस्ता प्रदर्शनीहरूले भारतलाई स्वतन्त्र व्यापार सम्झौताहरूद्वारा प्रस्तुत अवसरहरूको पूँजीकरण गर्न मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भारत आज विश्वको सातौँ ठूलो निर्यातकर्ता भएको उल्लेख गर्नुभयो।

5. लोकसभा प्रस्ताव

आज लोकसभामा अध्यक्ष ओम बिर्लालाई हटाउने प्रस्तावमाथि छलफल सुरु भयो। दिउँसो १२ बजे स्थगित भएपछि सदन पुनः सुरु हुँदा काङ्ग्रेस सांसद डा. मोहम्मद जावेदले प्रस्ताव पेश गर्नुभयो। उहाँले अध्यक्षले विपक्षी दलका नेता र अन्य विपक्षी दलका नेताहरूलाई सदनमा बोल्नबाट रोकेको आरोप लगाउनु भयो।

काङ्ग्रेस सदस्य गौरव गोगोईले पनि अध्यक्षले विपक्षी दलका नेता राहुल गान्धीलाई बोल्न बारम्बार अवरोध गरेको आरोप लगाउँदै लोकसभा अध्यक्ष सरकारको प्रतिनिधि होइन, तर सम्पूर्ण सदनको अधिकारको संरक्षक हो भन्नुभयो।

प्रस्तावको विरोध गर्दै संसदीय मामिला मन्त्री किरन रिजिजुले लोकसभा अध्यक्ष सधैँ निष्पक्ष रहेको बताउनुभयो। श्री रिजिजुले सबै सदस्यहरू समान छन् र सबैलाई सदनमा बोल्न अध्यक्षको अनुमति चाहिन्छ भन्नुभयो। भारतीय जनता पार्टीका कुनै पनि सदस्यले

कहिल्यै कागज च्यातेर सभामुखमाथि फ्याँकेका छैनन्, न त कसैले सदनको गरिमामा चोट पुऱ्याउने कुनै काम गरेका छन्, श्री रिरिजुले भन्नुभयो।

## 6. भाजपा-कांग्रेस

भारतीय जनता पार्टीले एआई इम्प्याक्ट समिटमा कांग्रेस नेता राहुल गान्धीलाई भारतको विश्वव्यापी छवि बिगारेको आरोप लगाएको छ। पत्रकारहरूलाई सम्बोधन गर्दै भाजपा प्रवक्ता सम्बित पात्राले एआई समिटमा भएको कथित घटनाको पछाडि राहुल गान्धी रहेको बताउनुभयो, जसले विश्वव्यापी रूपमा भारतको नकारात्मक छवि प्रस्तुत गऱ्यो।

उहाँले थप आरोप लगाउँदै युवा काङ्ग्रेस नेताहरूले गरेको विरोध संयोग होइन तर जानाजानी गरिएको रणनीति थियो भन्नुभयो।

## 7. मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले निर्वाचन आयोगले मतदातालाई धम्काउने घटनाहरूलाई सहने छैन भनी बताउनुभएको छ। प्रमुख निर्वाचन आयुक्तले अझ भन्नुभयो, आयोगले पश्चिम बङ्गालका सबै मतदाताहरूले हिंसा र धम्कीमुक्त वातावरणमा आगामी विधानसभा चुनावमा भाग लिने कुरा सुनिश्चित गर्नेछ।

चुनाव तयारी सम्बन्धी दुई दिने समीक्षात्मक बैठकपछि आज कोलकातामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै श्री कुमारले कानून प्रवर्तन एजेन्सीहरूलाई डर वा पक्षपात बिना कानून कडाइका साथ लागू गर्न निर्देशन दिइएको बताउनु भयो। प्रमुख निर्वाचन आयुक्तले शान्तिपूर्ण र सहभागितामूलक चुनाव सुनिश्चित गर्न सहयोगका लागि मतदाताहरूलाई अपील गर्नुभयो। उहाँले मतदाता सूचीहरूको विशेष गहन संशोधन सम्पन्न हुन लागेको उल्लेख गर्दै त्रुटिरहित मतदाता सूचीहरू लोकतन्त्रको आधारशिला भएको बताउनु भयो।

## 8. NCERT पुस्तक फिर्ता

राष्ट्रिय शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद् (NCERT) ले कक्षा ८ (भाग II) को सामाजिक विज्ञान पाठ्यपुस्तक "एक्सप्लोरिङ सोसाइटी: इन्डिया एण्ड बियोन्ड" फिर्ता लिएको छ, जसमा "हाम्रो समाजमा न्यायपालिकाको भूमिका" शीर्षकको अध्याय IV समावेश थियो। आज बिहान जारी गरिएको माफीमा, NCERT ले सम्पूर्ण पुस्तक फिर्ता लिइएको र अब उपलब्ध नहुने बताएको छ।

NCERT निर्देशक र सदस्यहरूले उक्त अध्याय IV का लागि बिना शर्त माफी मागेका छन्।

## 9. राजपत्र - प्राकृतिक ग्यास

पश्चिम एसियाको वर्तमान अवस्थालाई ध्यानमा राख्दै, सरकारले प्राकृतिक ग्यास उत्पादनलाई नियमन गर्न, आपूर्ति कायम राख्न, समान वितरण सुनिश्चित गर्न र प्राथमिकता प्राप्त क्षेत्रहरूका लागि प्राकृतिक ग्यासको उपलब्धता सुनिश्चित गर्न आवश्यक वस्तु ऐन, १९५५ लागू गरेको छ।

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयको सूचना अनुसार, घरेलु पाइपलाइन प्राकृतिक ग्यास आपूर्ति, यातायातका लागि CNG, LPG उत्पादन, पाइपलाइन कम्प्रेसर इन्धन, र अन्य आवश्यक पाइपलाइन सञ्चालन आवश्यक पर्ने क्षेत्रहरूमा प्राकृतिक ग्यास आपूर्तिलाई प्राथमिकता दिइएको छ। सूचनामा भनिएको छ, अघिल्लो छ महिनाको औसत ग्यास खपतको सतप्रतिशत सञ्चालन उपलब्धताको अधीनमा आपूर्ति कायम राखिनेछ।

## 10. BCCI पुरस्कारहरू

भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI) ले ICC T20 विश्वकप जित्ने भारतीय टोलीलाई ₹१३१ करोड नगद पुरस्कार घोषणा गरेको छ। BCCI सचिव देवजित सैकियाद्वारा जारी विज्ञप्तिमा, पुरस्कार नकद सूर्यकुमार यादवको नेतृत्वमा रहेको विजेता टोलीका १५ खेलाडी, प्रशिक्षक कर्मचारी र अन्य सहयोगी कर्मचारीहरूमाझ बाँडिने बताएको छ।

साथै, सहयोगी कर्मचारीहरू बीचको सही वितरण पदानुक्रम अनुसार तय गरिने पनि उक्त विज्ञप्तिमा जनाएको छ।